Pamphlet

صلی اللہ تعالیٰ علیہ والہ وسلم

# हाम्रो प्यारा नबी हज़रत मुहम्मद को जन्मोत्सवको महत्व

(Napali)



اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ وَالصَّلٰوةُ وَالسَّلَامُ عَلٰى سَيِّدِ الْمُرْسَلِيْنَ اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ ؕ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ ؕ

# हाम्रो प्यारा नबी ह़ज़रत मुह़म्मद ﷺ को जन्मोत्सवको महत्व

- ऐयामुल्लाह (अल्लाह عَزَّوَجَلَّ को दिनहरू) को सम्झना गर्ने आदेश क़ुर्आन शरीफमा छ । *(पा. १३, सुरः इब्राहीम,५)* र ऐयामुल्लाह मध्ये सबै भन्दा बढी श्रेष्ठता प्राप्त दिन प्यारा नबी ह़ज़रत मुहम्मद صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم को जन्म दिन हो किनकी जती पनि पवित्र दिनहरू छन् ती सबै दिनहरू यसै दिनकै कारणले पवित्र करार भए ।
- पवित्र क़ुर्आनले हामीलाई अल्लाह عَزَّوَجَلَّ को रह़मत (कृपा) मा खुशी मानाउने आदेश दिन्छ । *(पा. ११, सुरः युनुस, ५८)* र क़ुर्आनले नै प्यारा नबी صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم लाइ पुरै सृष्टीको लागि अल्लाह عَزَّوَجَلَّ को रहमत भनी संज्ञा दिन्छ । *(पा. १७, सुरः अम्बिया, १०७)* यसबाट थाहा भयो की नबी صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم को जन्मोत्सवमा खुशी मनाउनु वास्तवमा क़ुर्आन शरीफमा भएको आदेशको पालना हो । *(इजाकतुल् अनामी लिमानिई अमलुल्मौलिदि वल्कियाम पृ. ९६)*
- हाम्रो प्यारो नबी صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم ले सोमबारको दिन रोजा [उपवास] राखी आफ्नो जन्म दिन मनाउनुहुन्थ्यो । हजरत सय्यिदुना अबु कतादाह् رَضِىَ اللّٰه عَنْهُ को कथन छः रसुलुल्लाह صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم को दरबारमा वहाँको सोमबारको रोजाको बारेमा प्रश्न गर्दा वहाँ صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم ले जवाफ दिनुभयोः " यसै दिनमा मेरो जन्म भयो र यसै दिनमा म माथी (प्रथम पटक) वही (इशवाणी) अवतरण भयो ।" *(मुस्लिम, किताबुस्सियाम, बाब सियाम सलासतुन् इला आखिर, पृ. ५९१, हदीष-११८)*
- जब प्रसिद्ध काफिर अबु लहबको मृत्यु भयो उसको घरमा केहीले उसलाई सपनामा खराब हालतमा देखे र सोधेः " मृत्यु पछी के प्राप्त भयो?" उसले भन्योः "तिमीहरूसँगको बिछोड पछी मलाई कुनै राम्रो कुरा प्राप्त भएन ।" अनी आफ्नो बुडी औंलाको तल भएको प्वाल देखाउँदै भन्न थाल्योः " मात्र यति की यसबाट मलाई पानी खुलाइने गरिन्छ किनकी मैले शुवैबा नाम गरेको दासलाई मुक्त गरेको थिएँ । " *(लेखकः अ़ब्दुर्रज्जाक़, किताबुल्वसाया, अस्सदक़तु अनिल् मैयत् ९।९, हदीष- १६६६१, उम्दतुल्कारी, किताबुन्निकाह बाब वमिह़तिकुम् इला आखिर, ४४।१४, तहतल्हदीसः ५१०१)*
- यस विवरणको बारेमा कुरा गर्दा सय्यिदुना शेख अ़ब्दुल्हक़ मुहद्दीस देहलवी رَحْمَةُ اللّٰهِ عَلَيه ले भन्नुहुन्छ: "यो विवरण मिलाद शरीफ मनाउनेवालाहरूको सत्यताको ठूलो प्रमाण हो जसले प्यारो नबी صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم को जन्मोत्सवमा खुशी मनाई असल कार्यहरूमा मन खोलेर खर्च गर्दछन् ।" अर्थात अबु लहब एउटा काफिर भएता पनि उसले ह़ज़रत मुह़म्मद صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم को जन्मको खबर पाई खुशी भई आफ्नो दास शुवैबालाई दुध खुलाउनको लागि मुक्त गरे बापत त्यसको राम्रो प्रतिफल पाउँछ भने त्यस मुस्लिमले कस्तो प्रतिफल पाउँछ होला जसले प्यारो नबी صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم को मायाँमा खुशी भई असल कार्यहरूमा मन खोलेर खर्च गर्ने गर्दछ । तर मिलाद शरीफको कार्यक्रममा गित संगीत तथा बाधयन्त्र (संगीत यन्त्र) भने हुनुहुँदैन ।" *(मदारिजुन्नुबुव्वती, किस्मे दुवम् , बाबे अव्वल, जिक्र नसब इला आखिर २।१९)*
- प्रश्न: मिलाद शरीफ भनेको के हो? उत्तरः मिलाद शरीफ वा नबी صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم को जन्मोत्सवको भेला भनेको त्यो भेला हो जसमा विश्वसनिय किताबहरूबाट प्यारा नबी صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم को महानता, मो'जिजात (भन्नाले नबीहरू बाट नुबुव्वतको घोषणा पश्चात प्रश्तुत हुने चमत्कार अर्थात विवेक भन्दा परका अनौठो घटनाहरू), महान आचरण, समय समयका परिस्थितिहरू, जीवनी, बाल्यकाल र बे'सत (रसूल बनाएर पठाइनुको वृतान्तहरू) को बारेमा वर्णन गरीने गरिन्छ । *(सबीलुल्हुदा वर्रशाद, अल्बाबुस्सालिस् अशर फी अक़ालिल्वलमा इला आखिर ३६३।१ माखुजा)* सदरुश्शरीअह् मुफ्ति मुहम्मद अम्जद अ़ली आजमी رَحْمَةُ اللّٰهِ عَلَيه ले भन्नुहुन्छः यस्ता वर्णन (नबीए करीम صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم को महानता तथा मो'जिजात आदीको वर्णन) हदीषहरूमा पनि छन् र क़ुर्आन शरीफमा पनि छन् । यदि कुनै मुस्लिमले आफ्नो कुनै कार्यक्रममा यस्तो प्रकारको वर्णन गर्छ वा यस्तै प्रकारको वर्णनकै निमित्त कार्यक्रमको आयोजना गर्छ भने यस्तो कार्यक्रम नाजायज [वर्जित] हुनुको कुनै कारण नै छैन । यस्तो कार्यक्रमको लागि मानिसहरूलाई निम्तो दिनु, त्यसमा सम्मिलित गराउनु भनेको असल मार्ग तर्फ बोलाउनु हो । जसरी जल्सा, तक़्रीर [प्रवचन] तथा अरू कार्यक्रमहरूका लागि घोषणा गरीने गरिन्छ, त्यसको विज्ञापनहरू छपाई बाँड्ने गरिन्छ, पत्र पत्रिकामा त्यस कार्यक्रमको बारेमा लेखी प्रकाशन गर्ने गरिन्छ र यस्ता कुराहरूले ती कार्यक्रमहरू नाजायज हुँदैनन् त्यसरी नै नबीए करीम صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم को जिक्र (चर्चा) को लागि मिलाद कार्यक्रम आयोजना गर्दा त्यसलाई नाजायज वा बिद्अत भन्न सकिदैन । *(बहारे शरीअ़त् , ६४४।३)*
- अन्तिम तथा सर्वश्रेष्ठ नबी صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم को जन्मोत्सव मनाउने सन्दर्भमाः " अहले सुन्नत वल् जमाअ़तको मजहबमा मिलाद शरीफ मनाउनु भनेको अत्यन्तै राम्रो खाले मुस्तहब कार्य हो र असल कार्यहरू मध्ये ठूलो दर्जाको असल कार्य हो । *(अल्हक्कुल्मुबीन, पृ. १००)* **मिलाद शरीफ मनाउनुको महत्व तथा फाइदाहरूः** मिलाद शरीफ मनाउनेहरूलाई अल्लाहको तर्फबाट अनेक दीनी तथा दुन्यावी (धार्मिक तथा सांसारिक) रह़मतहरू प्राप्त हुन्छन् । हजरत सय्यिदुना इमाम अ़ब्दुर्रहमान इब्न जुजी رَحْمَةُ اللّٰهِ عَلَيه ले भन्नुहुन्छः मिलाद शरीफमा खुशी मनाउनेहरूको लागि त्यो खुशी जहन्नम [नर्क] जान बाट रुकावट बन्दछ । जसले मिलाद शरीफको खुशीमा एक दिरहम [एक मुद्राको नाम] पनि खर्च गर्दछ उसको लागि नबीए करीम صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم ले शफाअ़त [सिफारिस] गर्नुहुनेछ । अल्लाह عَزَّوَجَلَّ ले एक दिरहमको बदलामा १० दिरहम प्रदान गर्नुहुनेछ । हे प्यारा नबी صَلَّى اللّٰه عَلَيهِ وَاٰلِه وَسَلَّم का उम्मतीहरू ! [अनुयायीहरू] तिमीहरूको लागि

खुशीको खबर छ । तिमीहरू यस सांसारिक जीवन तथा आखिरतमा [मरण पश्चात को जीवनमा] धेरै धेरै सवाब [पुण्य] तथा सुन्दर प्रतिफलको भागिदार भएका छौ । ह़ज़रत मुहम्मद मुस्त़फा صَلَّى اللهُ عَلَيْهِ وَالِهٖ وَسَلَّم को जन्मोत्सव मनाउनेहरूले बरकत (सह), इज्जत, भलाई तथा गर्व प्राप्त गर्नेछन् । मोतीहरूको अमामा [फेटा] र हरीयो हुल्ला (पहिरन) लगाई उनीहरू जन्नतमा प्रवेश गर्नेछन् । थुप्रै महलहरू प्राप्त गर्नेछन् र हरेक महलमा हूरहरू [स्वर्ग परीहरू जो सँग उनीहरूको विवाह हुनेछ] हुनेछन् । महान नबी صَلَّى اللهُ عَلَيْهِ وَالِهٖ وَسَلَّم प्रति धेरै भन्दा धेरै दुरुद पढ्नुहोस् र मिलाद शरीफ धुमधामका साथ मनाई यस प्रचलनको जानकारी सबैलाई दिनुहोस् । *(मज्मुऊ लतिफिन्नबी फी सियगिल्मौलिदिन्नबवी अल्कुद्सी, मौलिदुल्उरुस, पृ २८१)* ह़ाफिजुल्हदीष इमाम अबुल्खैर मुहम्मद बिन अब्दुर्रह़मान सखावी رَحْمَةُ اللّٰهِ عَلَيْه ले भन्नुहुन्छः मिलाद शरीफ मनाउनेहरू यस कार्यको शुभ प्रतिफलले अल्लाह عَزَّوَجَلَّ को ठूलो कृपाको भागिदार बन्दछन् । *(सबिलुल्हुदा वर्रशाद, अल्बाबुस्सालिस् अशर फी अक्कालिल्वलमा इला आखिर ३६३\१)* ह़ज़रत सय्यिदुना इमाम अह़मद बिन मुहम्मद कस्तलानी رَحْمَةُ اللّٰهِ عَلَيْه ले भन्नुहुन्छः प्यारा नबी صَلَّى اللهُ عَلَيْهِ وَالِهٖ وَسَلَّم को जन्मोत्सवमा मिलाद शरीफ कार्यक्रमको आयोजना गर्नाले जे प्राप्त हुँदछ त्यसमा यो कुरा चाँही धेरै पटक अनुभव गरिएको छ की त्यस वर्ष शान्ती तथा खुशीयाली रहन्छ । अल्लाह عَزَّوَجَلَّ ले त्यस व्यक्तिलाई रह़मत (कृपा) प्रदान गरून् जसले रबिउ़ल्औवलको रातहरूलाई ईदको रात सरह बनायो । *(मवाहिबुल् लुदुन्नियह , अल्मक्सदुल्औवल्,जिक्रुर्रिदाइही १४८\१)* इस्लामी विद्वानहरूको भनाई अनुसार मिलाद शरीफ मनाउनेहरूका लागि जन्नतको खुश्खबरी छ । शेख मुहक्किक ह़ज़रत शाह अ़ब्दुल्ह़क़ मुहद्दिष देहलवी رَحْمَةُ اللّٰهِ عَلَيْه ले भन्नुहुन्छः मदनी सरदार प्यारा नबी صَلَّى اللهُ عَلَيْهِ وَالِهٖ وَسَلَّم को जन्मको रातमा जसले खुशी मनाउँछ त्यसको प्रतिफल यो हो की अल्लाह عَزَّوَجَلَّ ले आफ्नो कृपा दयाले उसलाई जन्नतुन्नईममा (स्वर्गको एक तह) प्रवेश गराउनुहुनेछ । मुस्लिमहरूले सधैबाट मिलाद शरीफ कार्यक्रम आयोजना गर्दै आएका छन् तथा जन्मोत्सवको खुशीमा (एक अर्कालाई) निम्तो दिँदै आएका छन् , मिठो परिकारहरू पकाउँदै आएका छन् र धेरै भन्दा धेरै दान दिँदै आएका छन् । यी दिनहरूमा खुशी प्रकट गर्दै मन खोलेर असल कार्यहरूमा खर्च गर्दै प्यारा नबी صَلَّى اللهُ عَلَيْهِ وَالِهٖ وَسَلَّم को जन्मको चर्चा गर्दछन् । आफ्नो घरहरूलाई सजाउँदछन् र यी सबै असल कार्यहरूको शुभ प्रतिफलले उनीहरू माथी अल्लाह عَزَّوَجَلَّ को रह़मत (कृपा दृष्टी) हुँदछ । *(मासबत् मिनस्सुन्नति, पृ ७४ मुल्खसन्)*

❖ आलिमहरू (इस्लामी विद्वानहरू) तथा पवित्र हदीषका ज्ञाताहरूको भनाईः

१) ह़ज़रत सय्यिदुना इमाम अ़ब्दुर्रह़मान इब्न जुजी رَحْمَةُ اللّٰهِ عَلَيْه ले भन्नुहुन्छः यस कार्य (मिलाद शरीफ मनाउने कार्य) मा शैतानको बेइज्जती र आस्थावानहरूको आस्था अझ पक्को हुनु बाहेक अरू केही छैन । *(सबिलुल्हुदा वर्रशाद, अल्बाबुस्सालिस् अशर फी अक्कालिल्वलमा इला आखिर ३६३\१)*

२) इमाम जलालुद्दीन अ़ब्दुर्रह़मान सुयुती رَحْمَةُ اللّٰهِ عَلَيْه ले भन्नुहुन्छः मिलाद शरीफ मनाउनेहरूले सवाब [पुण्य] पाउँछन् किनकी यसमा महान नबी صَلَّى اللهُ عَلَيْهِ وَالِهٖ وَسَلَّم को आदर-सम्मान छ तथा प्यारा नबी صَلَّى اللهُ عَلَيْهِ وَالِهٖ وَسَلَّم को जन्ममा खुशी प्रदर्शन छ । *(अल्हाविलिल्फतावा हसनुल्मुस़्तफा अमलुल्मौलिद २२२\१)*

३) पवित्र हदीषहरूको सङ्ग्रह बुखारी शरीफको व्याख्याकर्ता ह़ज़रत सय्यिदुना अह़मद बिन हज्र अस्कलानी رَحْمَةُ اللّٰهِ عَلَيْه को भनाई छः प्यारा नबी صَلَّى اللهُ عَلَيْهِ وَالِهٖ وَسَلَّم को जन्मोत्सवमा मिलादको भेला गरी अल्लाह عَزَّوَجَلَّ लाई शुक्रिया (धन्यवाद) व्यक्त गर्नु, [एक अर्कालाई] खाना [तथा मीठा परिकारहरू] खुलाउनु तथा यस्तै प्रकारका असल कार्यहरूमा संलग्न भई खुशी व्यक्त गर्नु हाम्रो लागि अत्यन्तै बेस हुन्छ । *(अल्हाविलिल्फतावा ह़सनुल्मुस़्तफा अमलुल्मौलिद २३०\१)*

४) ह़ज़रत सय्यिदुना अबु मुसा ज़रहूनी رَحْمَةُ اللّٰهِ عَلَيْه ले सपनामा प्यारो नबी صَلَّى اللهُ عَلَيْهِ وَالِهٖ وَسَلَّم को दर्शन पाउनुभयो । वहाँ رَحْمَةُ اللّٰهِ عَلَيْه ले मिलाद शरीफको खुशीमा आयोजना गरिने व्यवस्थाको बारेमा सोध्नुभयो । मदनी सरकार صَلَّى اللهُ عَلَيْهِ وَالِهٖ وَسَلَّم ले भन्नुभयोः

مَن فَرِحَ بِنَا فَرِحنَا بِه अर्थात "जो म सँग खुशी हुन्छ म [पनि] ऊ सँग प्रशन्न हुन्छु ।" *(सबिलुल्हुदा वर्रशाद, अल्बाबुस्सालिस् अशर फी अक्कालिल्वलमा इला आखिर ३६३\१)*

❖ अमीरे अहले सुन्नत, दा'वते इस्लामीका संस्थापक, ह़ज़रत अ़ल्लामा मौलाना अबु बिलाल मुहम्मद इल्यास अ़त़्तार क़ादिरी دَامَتْ بَرَكَاتُهُمُ الْعَالِيَه द्वारा लिखित पुस्तक "सुनौलो बिहानी" बाट प्राप्त नैतिक शिक्षाको मदनी फूलहरू प्रस्तुत गर्दछु-

१. हाम्रो प्यारो नबी صَلَّى اللهُ عَلَيْهِ وَالِهٖ وَسَلَّم सोमबारको दिन रोजा बसी आफ्नो जन्म दिन मनाउनुहुन्थ्यो तपाईं पनि १२ रबिउ़ल् औवलको दिन रोजा बस्नुहोस् ।

२. ११ रबिउ़ल् औवलकै साँझ नभए १२ रबिउ़ल् औवलको रातमा गुस्ल [स्नान] गर्नुहोला । यस ईदहरूको पनि ईदको सम्मानमा सम्भव भएसम्म आवश्यकताको लुगाफाटा आदि नयाँ किन्नुहोला ।

३. जन्मोत्सवको खुशीमा कुनै पनि यस्तो कार्य नगर्नुहोला जसले हुक़ूक़ुल्इबाद पामाल हुन्छ (अर्थात अल्लाह عَزَّوَجَلَّ को बन्दाहरूको हक अधिकारको हनन् हुन्छ) ।

४. सम्पुर्ण इस्लामी दाजुभाई तथा दिदीबहिनीहरूले जन्मोत्सवको खुशीमा सुन्नतहरूको पालना गर्दै जीवन व्यतित गर्ने नियत [अठोट] गर्नुहोस्।

५. जन्मोत्सवको खुशीमा मस्जिदहरू, घरहरू तथा पसलहरूमा हरीयो इस्लामी झण्डा फहराउनुहोला । बत्तिहरू बाली झिलीमिली पार्नुहोला तर विधुत प्राधीकरणबाट अनुमति लिई जायज तरिकाबाट मात्र झिलीमिली पार्नुहोला ।

६. र्‍यालीमा सकेसम्म वुजुको साथ सहभागि भई जमाअ़तको साथ नमाज़ पढ्नमा विशेष ध्यान दिनुहोला ।

(यस सम्बन्धमा अधिक जानकारीका लागि अमीरे अहले सुन्नत ह़ज़रत अ़ल्लामा मौलाना मुह़म्मद इल्यास अ़त़्तार क़ादिरी द्वारा लिखित पुस्तक "सुनौलो बिहानी" पढ्नुहोला ।)

***<u>पुण्यकर्महरूको निरन्तरता तथा सुन्नतले भरीपुर्ण जीवन व्यतीत गर्नका लागि दा'वते इस्लामीको मदनी वातावरणमा आबद्ध रहनुहोला ।</u>***